प्रदेश सरकार

भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपंक्षी बिकास निर्देशनालय

# पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिम

# कर्णाली प्रदेश, नेपाल

प.सं. :०७७/०७८

च.नं. :

## प्रयोशाला भवन निर्माण सम्वन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः२०७७/०६/१६

ठेक्का नं. -०१-०७७।०७८

आ.व.२०७७/०७८ कार्यालयको प्रयोगशाला भवन निर्माण सम्वन्धि स्वीकृत कार्यक्रम अनुसार सिलवन्दी वोलपत्रद्धारा भवन निर्माण सम्बन्धी वोलपत्र आव्हान गरिएको छ ।

१.यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र रु३०००।-(अक्षररुपी तीन हजार रुपैंया मात्र) फिर्ता नहुने गरी नगद बुझाएको सक्कल नगदी रसिद वा वैक भौचर निवेदन साथ संलग्न राखी कार्यालय समयभित्र वोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयबाट बोलपत्र खरिद गर्न सक्नेछ । बोल पत्र खरिद गर्नको लागी निवेदकले आ.व.०७७/०७८का लागी नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र करचुक्त गरेको प्रमाणपत्रहरु नोटरीबाट प्रमाणित प्रतिलिपिहरु संलग्न राखी वोलपत्र फारम खरिद गर्न निवेदन साथ पेश गर्नपर्नेछ ।

२.प्रथम पटक सूचना प्रकाशीत भएको मितिले ३१औं दिनको १२:००वजे भित्र बोलपत्र रितपुर्वक भरि यस कार्यलयमा सिलवन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु ३१औ दिनको २:००वजे यस कार्यालयका कर्मचारी र वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछन । वोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

३.सिलबन्दी बोलपत्र दर्ता गर्दा रु७२७५०।- (अक्षररुपी वहत्तर हजार सात सय पचास मात्र) रकम प्रदेश लेखा इकाई कार्यालय रुकुम पश्चिमको नाममा रहेको नेपाल वैक लिमिटेड खलगांको धरौटी खाता न. ०७७०२०००००२००३००००01 यस कार्यालयको कोड नं. ३१२०२५९०२६ मा नगद जम्मा गरेको सक्कलै वैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ९०.दिन म्याद भएको मान्यता प्राप्त बैंक जमानत बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

४. बोलपत्रदाताले कवोल गरेको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अकं र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । बोलपत्रमा केरमेट भएको ठाउँमा सहिछाप गरेकोहुनु पर्ने छ ।

५नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बोलपत्र पुर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६.बोलपत्रदाताले आफुले खरिद गरेको बोलपत्र मात्र दर्ता गराउन पर्नेछ । फोटोकपि गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन साथै बोलपत्रमा कुनै शर्त राखी पेश गरेमा  मान्य हुनेछैन ।

७.रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन साथै सम्झौता भएपछि बढीमा ६ महिना भित्र काम सक्नु पर्नेछ ।तोकिएको मितिभित्र काम गर्न नसकेमा सार्वजनिक खरिद सम्वन्धी ऐन नियम बमोजिम नै कारवाही हुनेछ । सम्पुर्ण कर रकम रफुटकर खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

८.बोलपत्रदाताले काम कार्वाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद काम आपनो स्वार्थ नबाझिएको र पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९.बोलपत्र सम्वन्धी अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझन सकिनेछ ।

१०.यसमा छुट अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) एवं प्रचलित कानुन वमोजिम हुने छ।

कार्यालय प्रमुख

"स्वच्छ र सक्षम प्रशासन समृद्धि र शुशासन"

फो न ०८८५३००१० फयाक्स नं. ०८८५३००१०

ईमेल : vetsecrukumw@gmail.com,dlsorukum1@gmail.com

नि. कार्यालय प्रमुख